# सानीभेरी गाँउपालिका एकिकृत विकास गुरुयोजना कार्याक्रम, २०७४

गाउँसभावाट पारित मिति : ०७४/४/१५
प्रमाणीकरण मिति : ०७४/०५/०५

**पृष्ठभुमीः** गणतन्त्र संघियताको माध्यमबाट सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुर्याई आफ्नो भाग्य आफैं पैसाला गर्ने अधिकार सम्पन्न गर्न यँहासम्म पुर्याउनु हुने जनयुद्ध र जनआन्दोलका महान सहिद प्रति श्रद्धान्जली तथा घाइते अपांङ्गहरु प्रति उच्च सम्मान गर्दै यस स्थानिय व्यवस्थापिका गाउँसभामा उपस्थित हुनु भएका सम्पूर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहन्छु ।

देशमा भएको जनयुद्ध र जनआन्दोलनखे गर्दा ठूला राजनीतिक परिवर्तन पछि विगतको सामन्ती केन्द्रिकृत राज्य यन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विविध आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्पूर्तरुपमा जागृत भएको छ। राजनैतिक जागरणको साथ साथै जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर रुपमा उर्लदै गइरहेका छन् । राज्यको सीमित स्रोत र साधनको समुचित उपयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मूल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास गरी स्थानियतहको स्थापना र चुनावपछी गणतान्त्रिक स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै गाउँपालिकाको प्रमुख जिम्मेवारी हो ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजना वद्धरुपमा संचालन गर्न मार्ग निर्देशनको रुपमा नेपालको संविधान २० ७२ को अनुसूचि ८ मा उललेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा विषयगत अधिकारहरुको सूचिअनुसार व्यवस्था भए बमोजिम, गाउँपालिकाको कार्या जिम्मेवारी नेपालको संविधान, नेपाल सरकार(मन्त्रिपरिषद) वाट स्वीकृत कार्या-विस्तृतिकरण प्रतिवेदन र प्रचलित कानून वमोजिम काार्यान्वयमा ल्याउन आवश्यकछ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाइएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित संवोधन हुन नसकेको अवस्था विद्यमान छ । कार्यान्वयनमा ल्याइएका उपरोक्त योजनाहरुको समीक्षा, विश्लेषण र नया मागलाई संवोधन गरी नयाँ योजनाको तर्जुमा गर्न आवश्यक भएको छ।

उपरोक्त पृष्ठभूमिमा साविक योजनाहरुलाई कायम राख्दै वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाइएका विकास आकांक्षाहरुलाई पनि यथोचित रुपमा संवोधन गर्नु जरुरी छ भन्ने कुरालाई गाउँपालिकाको पहलमा सबै राजनैतिकदलहरु, बुद्धिजिवि र विकास सरोकारवालाको मिति २०७४/०४/०८ गतेको सर्वपक्षिय भेलाले दिएको सुझाबलाईं हृदंयगम गर्दै आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाको एकिकृत विकास गुरुयोजना तर्जुमा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

१. **उद्देश्यः** आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका दृष्टिले पछाडि परेको सानीभेरी गाउँपालिकालाई एकिकृत विकास योजना÷कार्यक्रम द्वारा आगामी ५ वर्ष भित्र नयाँ नेपाल निर्माण अभियानको नमूना सानीभेरी गाउँपालिकाको रुपमा विकास गर्ने । आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकासलाई एकिकृत रुपमा सञ्चालन गरी जनताको आर्थिक, सामाजिक एवं साँस्कृतिक जीवनलाई समुन्नत पार्ने।



नरबहादुर पुन
अध्यक्ष

२. **परिचयः** देश संघियलोकतान्त्रिक गणतन्त्र स्थापना भईसके पश्चात राज्य पुर्नसंरचना हुदा भौगोलिक तथा प्रसासनिक रुपले नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ । जस अन्तर्गत ६ नं.(कर्णाली) प्रदेश भित्र रुकुम जिल्लाको सानीभेरी गाउँपालिका दुर्गम गाउँपालिका हो । विगतको केन्द्रिकृत र सामन्ती शासन पद्धतिमा विकासको मूल प्रवाहमा यो गाउँपालिक समाहित हुन सकेन । यातायातको पहुच नभएको तथा केन्द्रीय शासन सत्ताको विकास कार्यक्रम संचालन गर्ने क्रममा उचित र प्रभावकारी दृष्टि पर्न नसक्दा सानीभेरी गाउपालिकको जनताहरुले आपूmलाई ठगिएको, हेपिएको तथा देशको मूल प्रवाहबाट पृथक राखिएको अनुभूति गर्न वाध्य भए । जसले गर्दा जनताहरु केन्द्रीय राज्य सत्ता प्रति विद्रोही वन्दै गए । फलस्वरुप एक दशक भन्दा लामो अवधिमा चलेको जनयुद्धको उद्गमस्थलको रुपमा पनि यस गाउँपालिका परिचित हुन पुग्यो । गणतन्त्र, संघियता, धर्मनिरपेक्षता, समानुपातिक, समावेसी र रज्यको अग्रगामी पुर्नसंरचना स्थापना गर्ने क्रममा यस गाँउपालिकावाट पचासयौं नेपाली नागरिकहरुले ज्यान समेत गुमाउनु प¥यो। शहिदहरुले वगाएको रगत र जनयुद्धको जगमा जनआन्दोलन, जनजाति र मधेशआन्दोलनको वलमा देशमा स्थापित भएको संघियलोकताकिन्त्र गणतन्त्र नेपाल स्थापना, अन्तरिम संविधान, संविधान सभाको पहिलो र दोश्रो चुनाव, संविधान सभावाट संविधानको घोषणाभई देशमा जारीभएको संघिय लोकतन्त्र गणतन्त्रात्मक संविधान २०७२ जारी भई कार्यान्वयणको प्रक्रियामा छ। देसमा राजनीतिक सन्तुलनको अवस्थाले प्राप्त जनअधिकारहरु जनताले आशागरे अनुसार कार्यान्यणहुन अझै वाँकीनैछ । प्रतिगामि शक्तिहरु जनयुद्ध र जनआन्दोनवाट प्राप्त भएका उपलव्धिहरु गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीता, समानु पात्तिक र मौलिक हक अधिकारप्रती षडयन्त्र भईरहेको हुनाले यसको रक्षा र कार्यान्वयणगरी प्रत्यक्ष जनताको जिवन वदल्न आर्थिक सम्वृद्धिको लक्ष्य सहित भ्रष्टाचार मुक्त सन्तुलित विकास भएको गाउँपालिका निर्माण गर्नुपर्नेछ ।

राज्यपुनरसंरचना आयोगले सरकारलाई वुझाएको प्रतिवेनको आधारमा नेपाल सरकारले रुकुम जिल्ला अन्तर्गत ३ वटा नगरपालिका र ७ वटा गाँउपालिका निर्माण गर्यो । यसैक्रममा सानीभेरी गाउँपालिका र यसमा समावेश भएका साविक गा.वि.स.हरु सिम्ली, गरायला, अर्मा, दुली(वडा नं.१, २, ३ र ७, ८, ९) र पुर्तिमकाँडा (वडा नं. १, २, ३ र ६, ७, ८), जनसंख्याः २२,१९४, क्षेत्रफलः १३३.८० वर्ग किलोमिटर, केन्द्रः साविक गा.वि.स. सिम्ली, वडा संख्याः ११, सिमानाः पूर्वमा मुसिकोट नगरपालिका र वाँफिकोट गाँउपालिका, पश्चिममा जाजरकोट जिल्ला, उत्तरमा आठविसकोट नगरपालिका र दक्षिणमा चौरजाहारी नगरपालिका रहेको भौगोलिक र प्रशासनिक वनौट रहेकोछ ।

## ३. सानीभेरी गाँउपालिकाको एकिकृत विकास योजना कार्यक्रमका विशेषताहरुः

(१) एकिकृत विकास गुरुयोजना अभियाणले शिक्ष्या, स्वस्थ्य, कृषि, सहंकारी, पुर्वधार विकास, सञ्चार, विधुत र पर्यटन र सामाजिक समावेसिकरणलाई पहिलो प्राथमिक्तामा राखी विकास र आर्थिक संवृद्धिले समुनत समाजको निर्माण गर्नेछ ।

(२) वैज्ञानिक शिक्षा र प्रविधिको विकास गरी परम्परागत सिप र कार्यपद्धतीमा परिवर्तन ल्याई वृहत शिक्षा सुधार कार्याक्रम अन्तरगत तलवाट नमुना वनाउने, माथिवाट सुधार गर्दैजने, आवश्यक मर्जवाट गुणस्तर शिक्षा र जनताको व्ययभार घटाउने, व्यवहारीक दक्षजनशक्तिलाई प्रमाणपत्र दिने लक्ष्य सहित खुल्ला विध्या लयको व्यवस्थापन गर्ने।

नरबहादुर पुन
अध्यक्ष

(३) सानीभेरी गॉउपालिका विकासको लागि आर्थिक लगानिको लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रमा सरकारी तथा गैरसरकारी संघ संस्थाहलाई केन्द्रिकृत, एकीकृत र एकद्वार प्रणालिमा परिचालन गरिनेछ ।

(४) हरेक क्षेत्रको विकासलाई नमूनाको रुपमा अगाडि बढाउने ।

(५) युवा विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षामा परिचालन, सहभागिता र नेतृत्व विकास, खेलकुद र मनोरञ्जन, आयआजर्न सिर्जना र संवृद्धि युवा कलव वैधानिक संरचनाको आधारमा अगाडी वढाउने ।

(६) गॉउपालिकाको वस्तुस्थितिमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

(७) सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरण सहित द्वन्द्वका कारण र प्रभावको उन्मुलन गर्दै दुरत गतिमा यस गाउँपालिकालाई नयाँ नेपाल निर्माण अभियानको विकास नमुनाको रुपमा प्रस्तुत गर्ने ।

(८) सामुहिकता र आत्मनिर्भरतामा जोड दिदै सानीभेरी गाँउपाकिलाई एकिकृत विकासमा जनतालाई व्यापक सहभागी गराउने ।

(९) कडा मेहनत, स्वयं पूँजीको विकासका साथमा सिमित पुँजी परिचालनद्वारा अधिकत्तम लाभ हासिल गर्न जनशक्ति, पुजी, स्थानिथ स्रोत साधन र प्रविधिलाई एकीकृत परिचालनले आर्थिक कृयाकलाप वढाउने ।

(१०) गाउँपालिकाको समंग्र विकासका लागि आर्थिक, सामाजिक एवं साँस्कृतीक क्षेत्रमा वृहत्तर विकासका लागी यो ऐतिहाँसिक अभियान हुनेछ ।

(११) यस अभियानमा गाँउपालिका स्थित सबै राजनैतिक दलहरुको स्वयम् सक्रिय सहभागिता हुनेछ । यो राजनीतिक परिवर्तनका लागि त्याग, वलिदान र योगदान गर्ने, जनताको जीवनस्तर बढाउने अभियान हुनेछ ।

(१२) गरिवीको कारण कष्टपुर्ण जीवन विताईरहेका, श्रमको प्रयोग गर्न नपाएका, साधन स्रोत भएर पनि त्यसको ज्ञान, सीप र वातावरणको अभावमा सहि प्रयोग गर्न नपाएकाहरु सबैका लागि यो अभियान एक समाधान हुनेछ ।

(१३) भौतिक पुर्वाधारका दृष्टिकोणले पछि परेको यस गाँउपालिकालाई माओवादी केन्द्रको नेतृत्वमा सम्पुर्ण राजनैतिक दलहरुले पहल गरी, साधनस्रोतको केन्द्रिकरण द्वारा तिव्रत्तर विकास गर्नु यसको मुख्य उद्देश्य हुनेछ ।

(१४) विकासलाई व्यक्ति विशेषको कारण नभई जनताको सामुहिक पहलमा सम्भव हुने संस्कारको रुपमा विकास गर्न मद्धत गर्नेछ ।

(१५) विकास निर्माण चुनाबी मुद्दा मात्र नभई जनताको जीवन संग जोडिएको अभिन्न अंग हो भन्ने मान्यताका आधारमा सन्तुलित ढंगले समाज विकास अगाडि बढाउन जरुरी छ ।

(१६) पूँजीको अभाव भएको हाम्रो जस्तो देश र अझ त्यसमा पनि हाम्रो जस्तो सानीभेरी गाउँपालिकमा स्वयं पूँजीको विकास गर्न श्रमलाई पूँजीमा परिणत गर्दै अगाडि बढ्ने लक्ष्य लिईने छ ।

(१७) सानीभेरी गाउँपालिकको आर्थिक कोष अन्तरगत यस योजनामा उल्लेखित योजनाहरु संचालन गर्न भनी प्राप्त रकमबाट एक विकास कोष खडा गरी संम्पुर्ण आम्दानीका श्रोतहरु केन्द्रित



नरबहादुर पुन
अध्यक्ष

गरिने छन् । सानिभेरी गाउँपालिकामा श्रोतसाधनहरुको विनियोजन गर्दा पनि यस योजनालाई कार्यान्वयन गर्ने तर्फm केन्द्रित हुनेछ ।

(१८) संघिय र प्रदेश सरकारवाट प्राप्त आर्थिक सहयोगको प्रयोगलाई एकिकृत विकास योजनाको आवश्य कता अनुसार खर्च गरिने छ ।

(१९) माओवादी केन्द्रको नेतृत्वमा राजनैतिक दलहरु विच सौहार्दता, सहकार्य र स्वस्थ प्रतिस्पर्धाको विकास गरिनेछ ।

(२०) सञ्चार माध्यमहरुमा सहिष्णुता, स्वच्छता र सत्यतथ्य कुराहरुलाई जनतासमक्ष सौहाद्र्धपुर्ण तरिकाले लैजाने कुरालाई यो योजनाले प्राथमिकतामा पार्नेछ ।

(२१) शिक्षक, बुद्धिजिवीहरुलाई गाउँपालिकाको समग्र एकिकृत विकास योजना अन्तर्गतका भूमिकाहरुलाई पुरा गर्ने गरी जिम्मेवारी दिईनेछ ।

(२२) व्यापारी, व्यावसायिहरुलाई आ—आफ्नो व्यापार व्यवसाय वृद्धिका लागि सहयोग पुर्याउन एकिकृत विकास योजनामा उहाँहरुको भूमिकालाई समेत सुनिश्चित गरीने छ ।

(२३) बालबालिका र फरक क्षमता भएका अशक्त-अपाङ्ग व्यक्तिहरु, जेष्ठ नागरिक, आदिका समस्याका बारेमा पनि ठोस योजना बनाई मद्धत गरिनेछ ।

(२४) यस योजनाको प्रभावकारी कार्यान्वयन गर्न महिलाहरुको सकृयतालाई पहिलो आधारका रुपमा स्वीकार गर्दै यस योजनालाई सफल पार्ने गरी उनीहरुको भुमिकालाई सुनिश्चित गरिने छ ।

(२५) दलित, अल्पअसंख्या र आदिवासि जनजातीहरुलाई यस योजना अन्तर्गत विशेषरुपले प्राथमिकताका आधारमा परिचालन गरिने छ ।

(२६) सानीभेरी गॉउपालिकामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुलाई यो योजनाअनुसार परिचालन गर्ने र जनसेवाको भावना वृद्धीगर्ने खालको छलफल गरी उनीहरुलाई आफ्नो दायित्व वोध गराउँदै कामको मुल्याङ्कन गरी उनीहरुलाई पुरस्कृत गरिनेछ ।

(२७) वित्तिय सहकारी संस्थाको स्थापानागरी जनताको शेर लगानीमा जनतालाई सेवा दिन नमुना कृषि सहकारीले कृषको नेतृत्व गरेर जनतालाई लाभ र सेवा दिनुपर्नेछ ।

(२८) संस्कृतिक रुपान्तरन र कला प्रवधन विकास केन्द्रको निर्माणगरी समाजको संस्कृति रुपान्तरन र कलाको संरक्षण र विकास गर्ने योजनाको प्राथमित्ता हुनेछ ।

४. **यस योजना अन्तर्गत निम्न क्षेत्रको विकास गरीनेछः** जनताको विकास एवं एकिकृत विकासकालागी जन चेतना सहित सहभागिता, भौतिक पुर्वाधारको गुरु योजना तयार पारी कार्यान्वयन, आर्थिक उत्पादनका विभिन्न क्षेत्रको योजनावद्ध विकास सामाजिक, सांस्कृतिक क्षेत्रमा सहमति-सहभागिता समानुपातिक मान्यता सहित त्यसको रुपान्तरण अभियान (सबै क्षेत्रको विकासकालागि प्रविधि र ज्ञान अभिवृद्धि योजनामा जोड) सहित निम्न क्षेत्रको विकासलाई प्राथमित्ता दिइनेछ ।

क) **सामाजिक विकासः** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सुरक्षा, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण )

ख) **आर्थिक विकासः** (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र )

ग) **पूर्वाधार विकासः** (सडक तथा पुल झोलुंगे पुल समेत०, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत ९ वैकल्पिक उर्जा, संचार )



नरबहादुर पुन
अध्यक्ष

घ) **वातावरण तथा विपद व्यवस्थापनः** (वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन )

ङ) **संस्थागत विकास तथा सेवा प्रवाहः** (मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग )

च) **वित्तीय व्यवस्थापन र सुशासनः** (लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परि क्षण तथा वेरुजु फछ्र्यौट, सुचना तथा संचार व्यवस्थापन)

५. **शिक्षा क्षेत्रको वृहत सुधार र विकास सकार्याक्रमः** विद्यालय क्षेत्र वृहत सुधार विकास कार्याक्रम अभियाणको रुपमा सञचालन गरिनेछ । जसअन्तरगत शिक्षा सम्वन्धि सरोकार वालाहरु र विज्ञ सहितको विध्यालय क्षेत्र वृहत सुधार विकासकोलागि गाँउपालिका स्थरमा शिक्षा निमावली अनुसार काम, कर्तव्य, अधिकार सहितको शिक्षा समिति गठन गरि समय सिमा निर्धरीत ठोस योजना सहित जिम्मेवरी दिईनेछ र जसको प्रतिवेदनको आधारमा परिनाममुखी काम गरिनेछ । हाम्रो शिक्षा क्षेत्र वृहत सुधार र विकास गर्ने क्रम्मा तलवाट नमुना प्रस्तुत  र माथिवाट सुधार गर्दैजाने, गुणस्तर शिक्षा वढाउने र जनताको व्ययभार घटाउनको लागी विध्यलयहरु मर्ज गर्दैजाने । विध्यालयहरुको पूर्वाधार सुधार, पठन—पाठनमा नियमितता, प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनेछ ।

शिक्षाको क्षेत्रमा अभिमुखीकरण तालिम, पठन–पाठनको ढाँचामा वैज्ञानिकताका लागि कार्यक्रमहरु तर्जुमा गर्ने । वर्तमान शिक्षालाई सुधार गरि पठन–पाठनमा व्यवस्थित गर्ने । भौतिक पूर्वाधार सहित विद्यालयको शैक्षिक वातावरणको विकास गर्ने । प्राविधिक शिक्षालाई उत्पादनको बिषयीकरण अनुसार कार्यान्वयन गर्ने । खुल्ला एवं प्राविधिक शिक्षालय मार्फत संपुर्ण जनताको सिप परिक्षण एवं क्षमता अभिवृद्धि गर्ने । विज्ञान र प्राविधिक बिषयलाई उच्च मा.बि. र क्याम्पसमा समाबेस गर्ने । बिधार्थीहरुमा अनुशासन र पढने रुचि पैदा गर्ने । सम्पूर्ण वालवालिकालाई बिद्यालय जान सक्ने बनाउने । आगामी आ.व. ०७४/०७६ सम्ममा सबै बिद्यालयहरुमा कम्प्युटर शिक्षालाई अनिवार्य गर्ने । गॉउपालिकामा एक प्राविधिक शिक्षालय र प्रत्यक वडामा १/१ वटा नमुना विध्यालय बनाउदै ५ वर्ष भित्रमा शिक्षालाई गुणस्थरिय र व्यवस्थित गरिसक्नुपर्नेछ ।

६. **स्वास्थ्यः** सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण, अन्य स्वास्थ्य संस्थाहरू  र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन, स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन, स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन, स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध  न्यूनीकरण, स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण, स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन, स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी पब्लिक हेल्थ सर्भेलेन्स,स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन, स्वस्थ

नरबहादुर पुन
अध्यक्ष

जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि, जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा मौसमी जन्य रोग नियन्त्रण, आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन गरिनेछ।

गॉउपालिकमा १५ शैय हस्पिटल र एम्बुलेन्स सेवा, एक वडा एक स्वस्थ्य चौकी, यातायात सुविधा संभाव्यता को विकास संगै सबै वडाहरुमा एक–एक वटा बर्थसेन्टर सञ्चालन गरि जनताको उपचार सेवा नियमित प्रभावकारी वनाईनेछ । वाल मृत्युदर घटाउने, मातृशिशु रक्षा, आम जनताको स्वास्थ्यको लागी स्वास्थ्य सम्वन्धि जनचेतना मुलक कार्यक्रम ठोस रुपमा सञ्चालन गर्ने र हरेक वडा लाई आवस्यक पर्ने दक्ष स्वास्थ्य कार्यकर्ता उत्पादन र परिचालनमा ठोस योजना तर्जुमा गरी संवेदनशील क्षेत्रमा खटाउने । गाँउपालिमा अस्पतालको विकास, स्तरउन्नती एवं प्रविधि र आवश्यक जनशक्तिको व्यवस्था आगामी ०७६ सम्म सम्पन्न गर्ने । स्वास्थ्य आकस्मिक कोष खडा गरी संकटमा परेकाहरुको उपचारको व्यवस्था गर्ने, स्वच्छ खानेपानी उपलव्ध गराउने, पानीका मुहानहरु संरक्षण गर्दै पानीको परिक्षण गर्ने र आर्थिक कृयाकलाप विकास गरी खानेपानमा सुधार गर्ने । जनचेतनाद्वारा रोगको न्युनिकरण गर्ने, स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित जनचेतना र प्रारम्भिक बचाउ कार्यक्रमलाई अझ प्रभावकारी बनाउने ।

चार पटक गर्व जाँच र तिन पटक सुत्केरी जाँच गरि स्वास्थ्य संस्थामा सुत्केरि भएपछि सुत्केरी पोषण भत्ता रु. एक हजार उपलब्ध गराउने, बच्चा जम्मेको पैतिस दिनभित्र जम्मदर्ता गरी राष्ट्रिय कार्यक्रमको दुई बर्ष भित्र सबै सेवा लीएर कागजजता पेश गरे पछि स्वस्थ वालभत्ता रु.१००० उपलब्ध गराउनेछ । असायिक वृद्धवृद्धा र अपाङ्गहरुको लागि घरमै स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने छ ।

७. **खानेपानीः** खानेपनिको आवस्यक्तालाई पुरागर्न पुनःश्रोतको नकसाङ्कण गरी नभएको ठॉउमा पहिलो प्राथमिक्ता, निर्माणधिन योजनालाई पुरागर्ने, सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संसक्षण गरी १ घर १ धाराको दीघकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम गरिनेछ। पानीका श्रोतहरुको संरक्षण र पानी मुल सुक्नबाट रोक्न स्थानीय आवश्यकता अनुसार पोखरीहरु खन्ने, आगामी ५ वर्ष भित्र सबैलाई खानेपानी सेवा उपलव्ध गराउन विभिन्न योजनाहरु सञ्चालन गर्ने, श्रोत भएकामा योजना निर्माण सम्पन्न, लिफ्टीङ्ग, आकाशे र अव्यवस्थित वस्ति भएका ठाउँमा वस्ति सुधार समेत गरिनेछ । खानेपानी अभाव भएका गाउँहरुमा आगामी ५ वर्ष भित्र स्वस्थ पानि पु¥याउन विभिन्न योजनाहरुलाई क्रमशः तोकिएको समय भित्र सम्पन्न गर्ने, श्रोत विहिन स्थानहरुमा विधुतको सहायताबाट तथा अकाशे श्रोतबाट स्वस्थ्य खानेपानी पु¥याइनेछ ।

विपीयालेख वृहत लिप्ट खानेपानि योजना, पातलपानि पक्रैयागाॱउ खानेपानि योजना, गोगानखोला गोलचौर खानेपानि योजना, जुगेपातल खानेपानि योजना, कमारेकोट लामाथाप्ला खानेपानि योजना, साक्चाखोला गैरा खानेपानि योजना, खातिकाॱडा हासिवाङ नमुना खानेपानि योजना, ठुलाखोला खानेपानि योजना, चाईना वगर खानेपानि योजना, सिम्ली वजार खानेपानि योजना, गुमाखोला तिमिल्य, श्रीचोर, भलाचौर, झिनचोर खानेपानि योजना, राम्री चाखलेमेला टुरा घेत्मा खानेपानि योजना ममत संभार्र संरक्षण लगायत सवैतिरको खानेपानी योजनाहरुलाई व्यवस्थित गर्न समितिहरु बनाई प्रभावकारी बनाउने । ५ वर्ष भित्रमा गाउपालिकाका सबै वडाहरुमा खानेपानी एकघर एकधाराको लक्ष्य सहित जनताको दायित्व सहित दिगो सुविधा र सर्व शुलभ बनाउमको लागी गाउँपालिकाको खानेपानी तथा



नरबहादुर पुन
अध्यक्ष

सरसफाइ सम्वन्धि तथ्याङ संकलन र अद्यावधिक गर्ने संयन्त्र तयार गर्ने, गापाको खानेपानी तथा सरसफाइ योजना बनाउने र सोही अनुसार सरकारी र गैह्र सरकारी आयोजनाहरू कार्यान्वयन गर्न लगाउने, एक घर एक धारा बाहेकको बिकल्पलाई क्रमश हटाउदै जाने, पूर्ण सरसफाइ सम्बन्धि जागरण ल्याउने र दिगो योजना बनाउने, खानेपानी आयोजनालाई दिगो समय सम्म सुचारु राख्न उपभोक्ता समितिलाई क्रियाशिल बनाउने र हरेक घरबाट पानी महशुल उठाउने, मर्मत संभार, पूनर्स्थापना तथा सुधार विस्तारको लागि पर्याप्त बजेट व्यवस्थापन गर्ने ।

८. **सरसफाईः** गाँउपालिका भर चर्पि निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सम्पन्न भई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएकोले अनुगमन र नियमण गर्ने, कार्यान्वयण प्रभावकारी नभएको भए कडाई पुर्वक कार्यान्वयण गर्दै फोहर मैलाको पनि उचित व्यवस्थापन गर्ने । गॉउपालिको लागि ढल व्यवस्थापन, सरसफाईको क्षेत्रमा आम जनताको सरसफाई प्रति सकारात्मक सोच आवश्यकछ । पूर्ण सरसफाइका  विषय तथा सूचकहरुः (चर्पीको प्रयोग, साबुन पानीले हात धुने बानी, सुरक्षित पानीको प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा घर आँगन सफा वातावरण) कार्यान्वयण र निरन्तरता हुनआवस्यकछ जसले मात्र सरसफाई सभ्यताको संस्कार अरुले पाठ सिकोस । यसको लागी ठोस योजना र वजेटको व्यवस्था गरिनेछ ।

९. **कृषि जनचेतना तथा जनमुखि विकास कार्यक्रमः** ग्रामिण क्षेत्रमा मुख्यततः आय–आर्जन र रोजगारमुलक कृषि उत्पादन, खाद्यान्न उत्पादन, फलफूल, तरकारी, नगदे वालिमा जोड गरिनेछ । एक गाँउ एक कृषि नमूना उत्पादनमा जोड गर्ने । गाउपालिकाले कृषि उत्पादनलाई गुणात्मक रुपमा विकास गर्नको लागि कृषि सहंकारीको माध्यमबाट अनुसार आफनो भौगोलिक विशेष्ताअनुसार उत्पादनको विशिष्टीकरण नमुनामुलक ढंगले कृषि उत्पादनलाई केन्द्रित गरिनेछ। कृषि उत्पादनलाइ व्यवसायीकरण, आधुनिकरण र औद्योगिकरणमा जोडदिइनेछ। सवै उर्वरायोग्य जमिनमा सिचाई व्ययस्थाकोलागि अभियाणकै रुपमा सिचाई कार्याक्रम सञ्चालन गरिनेछ । कृषिकोलागी आवश्यकपर्ने मल, विउ, कीटनासक औषधि लगायत औजारहरु सर्वसुलभ वनाईनेछ। कृषि उत्पादनमा प्राङ्गारिक मलको प्रयोग गरी आर्गानिक उत्पादनमा जोडगर्ने । कृषि उपजहरुको भण्डारन र वजार व्यवस्थापन सहित कृषि उत्पादनमा सहकारी प्रणालीलाई प्रोत्सहित गरिनेछ। साना तथा गरीवि रेखामुनि रहेका किसानहरुको लागि सहुलियत व्याज दरमा कृषि ऋणको व्यवसथा र कृषि पेशालाई प्रोत्साहित गरिनेछ।

हरेक टोल-वाडामा १/१ जना कृषि स्वंयमसेवक तयार पार्न ४५ दिने कृषि तालिम यहि आर्थिक वर्षमा शुरु गरी आगामी आ.व. भित्रमा सवै वडामा सम्पन्न गरीसक्ने, विशेष उत्पादन  क्षेत्रका कृषि समुह वा सहकारि संस्थाका कम्तीमा ११/११ जनालाई विशेष तालिम उपलव्ध गराउने । अन्य किसानहरुको भेला गरी एकिकृत कृषि विकास कार्यक्रम बारे छलफल गर्ने । हरेक वडामा १/१ जनालाई कृषि नर्सरी तालिम दिई विरुवा उत्पादनमा आत्मनिर्भर बनाउने । प्राङगारिक मलउत्पादन संम्बन्धि तालिम दिने । विउको महत्व र उन्नत विउविजनको प्रयोग वारे जानकारि विस्तार गर्ने । प्रत्येक वडामा अगुवा किसानहरुको सहभागितामा कम्तिमा ११ जनाको कृषि विकास समिति गठन गर्ने ।



नरबहादुर पुन
अध्यक्ष

**क) कृषि विकासका पुर्वाधार संवन्धी कार्यः** पानिको श्रोत भएका वा नभएका क्षेत्रहरुमा सिंचाइ उपलव्ध गराउन साना सिंचाइ योजनाहरु उत्पादनलाई वृद्धिगर्ने लक्ष सहित अगाडी बढाउने। पोखरी सिंचाइ प्रभावकारि रुपमा सञ्चालन गर्ने । स्प्रीङकलर र थोपा सिंचाई जस्ता सिंचाइका अन्य सबै प्रविधिहरु प्रयोग गर्ने गरी कार्यक्रम तयगर्ने, गाँउपालिकाको केही क्षेत्रमा रासायनिक मल र किट नासक औषधि प्रयोगलाई निषेधगरी प्रङगारिक मल र घरेलु औषधिहरुको प्रयोगमा जोड पुग्नेगरि तालिम लगाए तका कार्यक्रमहरु सञ्चालन गर्ने र जैवीक खेतीपाती उत्पादनलाई वढवा दिने । मुत्र सङकलन एवं गोवर मल उत्पादन गर्ने कार्यक्रममा जोड दिने । कृषि उतपादनको वृद्धी सँगसँगै व्यवस्थापन कार्यलाई विषेश जोड गर्ने । कृषि उत्पादन सङक लन केन्द्र र हाटबजार आदिको व्यवस्था गर्ने । उन्नत विउ-विरुवा उत्पादन एवं वितरणको व्यस्था गर्ने । चरण क्षेत्रको विकास र संरक्षण तथा घाँसे जातको बृक्षारोपणमा विशेष जोड दिने । हरेक वडामा हुने मुख्य उत्पादनको छनौट गर्ने र अन्य सहायक उत्पादनको किटान गर्ने । कृषि पुस्तकालय एवं एग्रोभेट सेन्टरहरु सञ्चालन गर्ने ।

**ख) कृषि क्षेत्रको व्यावसायिककरणः** उत्पादित वस्तुको प्रसोधन केन्द्रहरुको स्थापना गर्ने । कृषि उत्पादनमा आधारित उधोगहरु स्थापना गर्ने । जस्तैः जुस, डेरी र चिप्स आदि । योजनामा प्रभावकारी भूमिका खेल्ने किसानलाई मल, विउ, औजार निःशुल्क रुपमा उपलव्ध गरा उने बिउ बेर्ना, मल खाडल निर्माण, पोखरी निर्माण, मुत्र सङकलन लगाएतका कार्यमा अनुदानको व्यवस्था गर्ने कृषि क्षेत्रलाई व्यवसायिकरण गर्न किसान हरुलाई प्रेरित गर्ने । पुंजगित वजेटको को २०५ वजेट कृषिमा खर्च गरिनेछ ।

**ग) आर्थिक उत्पादनमूलक कार्यः** कृषि क्षेत्रलाई सबैभन्दा महत्व प्रदान गरी कृषिलाई व्यावसायीकरण गर्दै यसलाई उद्योगको रुपमा विकास गर्ने । "**एक टोल एक उत्पादन**" को नीतिलाई प्राथमिकताका आधार तोकी कार्य सञ्चालन गर्ने । विभिन्नखाले उत्पादनका लागि सहकारी एवं किसान समूहहरु गठन गर्ने । उत्पादित वस्तुको संङ्कलन, भण्डारण एवं वितरणका लागि समेत कृषि वजारहरुको विकास गर्ने । किसान समुह र अन्य नीजि क्षेत्र सहित वजार व्यवस्थापन र उत्पादनको वृद्धि संगै विकसित गरेर लैजाने । अन्य आर्थिक कृयाकलापहरु सञ्चालन गर्न वित्तिय सहकारिहरुको सञ्चालनका साथै अन्य वित्तीय संस्था हरुको विस्तारमा ध्यान दिने । छरिएर रहेको पूँजीलाई केन्द्रित गर्ने, स-सानो पूँजीको केन्द्रिकरण द्वारा श्रमलाई पूँजीमा बदल्दै पूँजी प्रवाहलाई अगाडी बढाउने ।कृषिमा आधारित एवं स्थानीय कच्चा पदार्थमा आधारित उधोगहरुको स्थापना गर्न प्रेरित गर्ने । कृषि क्षेत्रको विकासका लागि एउटै वडामा समेत फरक—फरक माटो र हावापानी भएकाले मुख्य गरि ३ भागमा बाडेर कृषिमा विकास गर्न वेशीमा पानी वग्ने सापेक्षिक ठुला वा साना फटहरु फैलिएका छन भने त्यसकै अर्को भाग माथि फैलिएर सापेक्षिक ठुला वा साना पहाड, विभिन्न डाँडा र खोचहरुमा पानीको मुहानहरु छन् । गाँउपालीकाको सापेक्षिक तराई र पहाड भू-वनोट अन्तरगत समुन्द्रसतहमाथि पहिलो भूभागमा तरकारी विउ-विजन र तरकारी उत्पादन पकेट एरिया, मध्य भूभागमा फलफुल (सुन्तला, कागती, केरा र आप) उत्पादन पकेट एरिया र माथिको भूभागमा जडिबुटी, जैविक विविधता संरेक्षण, स्याउ र अन्य गेडा गुडी उत्पादन पकेट एरिया संभाव्यताको अध्याणबाट उत्पादन क्षेत्र छनौट गरी कृषि पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गर्न सकिन्छ ।



नरबहादुर पुन
अध्यक्ष

**घ) पशुपालनः** दुग्ध उत्पादनका दृष्टिले भैसी, गाई पालन लाई व्यवस्थित गर्ने र सहायकमा बाख्रा पालन गर्ने । दुग्ध उत्पादनलाई मध्यनजर गरी उन्नत जातका गाई र भैसी पालनमा जोड दिने । बाख्रा र वँगुर पालन गर्न १ वडा १/१ नमुना फाराम सहित व्यापक रुपमा अगाडी बढाउने । कुखुरा पालन र मत्स्य पालनमा जोड दिने । घाँसे खेती, घाँसे उत्पादन तथा दाना उत्पादनमाजोडदिने।

**ङ) कार्यक्रमः** गाँउपालिकाको मध्य भागलाई सुन्तलाजन्य उत्पादन र पशुपालन एवं दूग्ध उत्पादन क्षेत्रका रुपमा विकास गर्ने । यस आ.व. देखी तीन वर्ष भित्र कम्तिमा संभाव्यता वडाहरु मा सुन्तलाका ५० हज्जार विरुवा रोप्ने । उत्तरी क्षेत्र लाई स्याउ उत्पादन क्षेत्रका रुपमा विकास गर्ने । यस आ.व. देखि तीन वर्ष भित्र कम्तिमा ३ वडामा स्याउका २५ हज् जार विरुवा रोप्ने । कम उचाईको क्षेत्र एवं नदी किनारका कम्तिमा ८ वडाहरुमा केरा, तरकारी, तरकारी विउ तथा अन्य फलफूल क्षेत्र निर्धारण गरि कार्य गर्ने । अन्नवाली उत्पादनमा वृद्धी गर्न विउ एवं खेति प्रणलिमा सुधार ल्याउने । सिम् लीलाई केन्द्र मानी विउ उत्पादनमा जोड दिने । स्याउ उत्पादन हुने क्षेत्रमा आलु तथा जडीबुटी खेतिलाई सहायक खेतिका रुपमा विकास गर्ने । तरकारी विउ उत्पादन तथा ताजा तरकारी खेती उत्पादनका लागि क्षेत्र निर्धारण गर्ने । विविध उत्पादनमा जोड दिन मौसम, माटो र वजारलाई समेत ध्यान दिएर अदुवा, अलैची, मौसम, घाँसखेती आदिमा जोडदिने ।

**च) जनशक्ति विकास तथा सामाजिक सेवा क्षेत्र सुदृढिकरण कार्यक्रमः** विभिन्न क्षेत्रका स्वयंसेवकहरुलाई तालिम तथा परिचालन, विद्यालयहरुको स्तरोन्नती, सुदृढिकरण, आवश्यक विषयहरुको छनौट र पठनपाठन, पोलिटेक्नीकल शिक्षालयको स्थापना, कृषि क्याम्पसको स्थापना, महिला, बालबालिका, फरक क्षमता भएका व्यक्तिहरु (अशक्त र अपांग) ज्येष्ठ नागरिक, दलित, उत्पीडित जातिहरुको लागि संरक्षण, सम्मान एवं क्षमता विकासका कार्यक्रम।

## १०. भौतिकपूर्वाधारः

**क) मुख्य सडकः** गाँउपालिकाको केन्द्र देखी प्रत्यक वडा कार्यालय सम्म, वडा कार्यालयको केन्द्र देखी टोल(साविक वडा) सम्म एक वडा एक मुख्य ग्रामिन हरित सडक निर्माण गर्ने लक्ष्य राखी मुख्य सडक, सहायक सडक र स्थानीय सडकको रणनैतीक योजनालाई प्रभावकारी बनाउने । मुख्य सडक पूर्व पश्चिम र उत्तर दक्षिण जोडने सडकलाई मेरुदण्ड मानी गाँउपालिकामा कृषि सडक र अन्य सडकहरुको निर्माणलाई जोडदै रिङरोड अवधारणाको विकास गर्ने । स्थानीय सडक योजना पास गरेर मात्रकाम गर्ने । पुष्पलाल लोक मार्ग लाई आगामी ४ वर्षभित्र कालोपत्रेगर्ने कार्यलाई सम्पन्न गर्न पहल गर्ने । रुकुम सानीभेरी गाँउपालिका अर्मा पाथिहाल्ना—सिम्ली—पेदी—दुली घापागार—पाथिहाल्ना—आठविसकोट—डोल्पा क्षेत्रिय सडक, रिम्ना दोभान—पेदी—ज्यमिरे—क्षेत्रिय सडक, रुकुम हासिवाङ—डाँडाअर्मा—माथिल्लो आमडाँडा—सहरे—पुर्तिमकाँडागाँउ—वुकिचौर—वाहुनिखेत—जाजरकोट सडक, स्यार्पु गाँउपाकि दुली—किलोघैटे—काफलडाँडा—घापागार हाँसु—कोट कृषि सडक ।

**ख) सहायक सडकः** दुली मेलचौर—वल्लेवास—खेत—मुरीगाड—कोट कृषि सडक, नायखोला—गाँउवारी—चाखलिमेला—कृषि सडक, रुकुम गिठाकोट जिउला—ज्ञानोदय प्रा.वि.—वसनडाडा—पक्रैया— जाजरकोट सडक, अर्मा वागखोर—पाथिहाल्न—तिमिले—नुवाकोट नेटा कृषि सडक,



नरबहादुर पुन
अध्यक्ष

सिम्ली वजार— खामुहालने—मगरराञा—तड—छेलोहान्ने—अर्मा वागखोर कृषि सडक, सिम्ली वजार— आमडाँडा टाकुरा— कालिका नि.मा.वि.—लासाडाँडा—जोगीनेटा चौरजाहारी नगरपालिका कृषि सडक, सिम्ली वजार—आम्डाँडा—विप्यालेख चिन्तु—चौरजाहारी नगरपालिका कृषि सडक, सिम्ली वजार—स्यालिवोट—उदिनढुङ्गा—घेरेली—काफलवोट कृषि सडक, मध्यपहाडी लोकमार्ग वयालिखोला— सहरे— भेरीदह— जैधाने— लिगा— वाघमारे— फुक्रु जिउला कृषि सडक, श्रीचवर— भलाचौर— नायखोला—पुरानोगाँउ— गाँउवारी—टुरा कृषि सडक, ज्यामिरे दुदेपाखा—गाँउखाली— जराचौर— जुम्लेपोखरी— खाराखाली— अतीयचौर—सल्लेरी—धनेखोला—मेलचौर कृषि सडक, मेघा सर्पाचौर— पाखापानी—गाउवारी— टुरा—वाधापानी—मौराखारा गोरिल्ला कृषि सडक, अर्मा पेदीखोला—जिउला— घन्ठाना—कृषि सडक अर्मा, अर्मा दुली क्षेत्रिय कृषि सडक खण्डको पेदि—सार्कीमारे—चिन्तु— तिमिले कृषि सडक, झुलनेटा नुवाको खागल कृषि सडक खण्डको तिमिले—घनठाना— डाँडाअर्मा— काफलवोट—वागखोर—काँडा कृषि सडक अर्मा, चाईनावगर—पत्रैयागाँउ—वुकिचौर—चौरजाहारी नगरपालिका कृषि सडक, गरायलाको पेदी—दमारकोट—कोटगाँउ—कृषि सडक दुली, मेलचौर— वल्लेवास—छहरा—घापागार कृषि सडक, चाईनावगर—पाथिहाल्न—पुर्तिमकाँडा गाँउ कृषि सडक, गरायला पेदी श्रीचवर कमैदे मौराखारा पर्यटकिय कृषि सडक।

**ग)** **स्थानीयमार्गहरुः** योजनाबद्ध रुपले रिङरोडहरु संग जोडने गरी क्रमशः निर्माण गर्ने । गाँउपालिका र सिम्लीवजार भित्रका बाटाहरु, पेदीवजार भित्रका वाटाहरु, चाईनावगर वजार भित्रका वाटाहरु र अन्य संभावित वजारहरु भित्रका वाटाहरुलाई वजारिकरणको मापदण्ड अनुरुप योजनामा विकास गर्ने । एक अर्को गाँउ टोल जोड्ने घोडेटो वाटाहरु निर्माण र सरसफाई गर्ने ।

**घ)** **सडकनिर्माण कार्यान्वयन गर्ने निकायहरुः** मुख्य सडकहरु संघको केन्द्रिय योजनाद्वारा सञ्चालित रणनैतीक सडक सञ्जाल बमोजिम सडक विभागद्धारा निर्मान गर्ने । सहायक सडक प्रदेशको सडक विभाग, अन्य दाता तथा गाँउपालिकाको संयुक्त पहलमा सहायक एवं रिङरोडहरु रणनैतिक नेटवर्क संग जोड्ने गरी निर्माण गरिने छन । स्थानिय सडकहरु गाँउपालिका र अन्य गैरसरकारी संघ संस्थाको साझेदारीमा स्थानीय रिङरोडहरु सहायक एवं रणनैतिक मार्गसंग जोडने गरी निर्माण गरिने छन् ।

**११. विधुतः** उज्यालोमा वस्नपाउनु जनताको अधिकार लाई स्वीकार गर्दै गाँउपालिकालाई पूर्ण रुपले अध्यारो रहित पार्ने लक्ष्य सहित जिल्ला समन्वय समितिको नेतृत्व र रुकुम उज्यालोको सहभागिता र समन्वयमा केन्द्रिय लाईन विस्तारको योजनाको प्रक्रिया अगाडी वढेको हुनाले कार्यान्ययणमा प्रभावकारी वनाउन विशेष पहल गर्ने । गाँउपालिका उज्यालो कार्याक्रम अन्तरगत विधुतीकरण गर्ने सनदर्भमा लगभग १०० किलो वाट विधुत राज्य, साजेदारी र जनताको लगानिमा सम्पन्न भएकोछ । निमार्ण भएकालाई संरक्षण, मर्मत संभारमा सहयोग गर्ने र निर्माणाधिन योजनाहरुलाई सम्पन्न गर्न ध्यनदिईनेछ । आवश्यक्ता अनुसार वैकल्पीक उर्जा विकासलाई ध्यनदिईनेछ ।

**१२. सञ्चार तर्फः** आगामी २ वर्ष भित्र गाँउपालिकाभर टेलिफोन सेवा उपलव्ध गराउने क्रम्मा NTC, CDMA र NCEll का निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन र टावर विस्तारगर्न सम्झौता



नरबहादुर पुन
अध्यक्ष

भई निर्माणको प्रक्रियाम जिम्मा लिएका संस्थाहरु संग सम्पर्क समन्वय गरी कार्यान्वयणमा प्रभावकारी ल्याउने । साज्यदारी, सहकारी र निजी लगानिमा संभाव्यताको खोजीगरी प्रभावकारी सुचना पुर्‍याने लक्ष्य सहित सानीभेरी मौराखार एफ.एम्. रेडिओ सञ्चालन गर्न गाँउपालिकाले प्रोत्साहित गर्नेछ ।

१३. **सिचाई तफः** नदि र खोलाहरुबाट वृहत ठूला र साना सिंचाइ योजना सञ्चालन, पोखरी सिंचाइ योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाइ पुर्‍याइनेछ । साथ साथै मूल संरक्षणका लागि वृक्षारोपण र आकासे पानी सञ्चालित एवं मूल श्रोत संरक्षणका लागि पोखरीहरु खनिने छ । साना सिंचाइ एवं पोखरी निर्माणमा जोड दिइने छ। गाँउपालिका कृषि विकास कार्यालयबाट साना सिंचाइ, संघको सिंचाइ डिभिजन र सिंचाइ सव डिभिजन प्रदेश कार्यालयवाट ठूला'मझौला संपूर्ण सिंचाइ योजनाको निर्माण कार्य, जमिनको उपयोग र वालि अनुसार सिंचाईका आधारमा गाँउपालिकामा आवश्यकता अनुसार सिचाई पोखरी, पानीका श्रोतहरु नभएका स्थानहरुमा आकासे पानी संकलन र पोखरी योजना पुरा गर्दै हाल सम्भव भएका र योजनामा समावेश भएका विभिन्न सिंचाई योजनाहरुलाई प्राथमिकताक्रम तोकी ५ वर्ष भित्र पुरा गरीनेछ ।

सिंचाइहरुका लागि आगामि आ.व. २०७४/०७५ देखि खारखोला हासिवाङ सिचाइ योजना, देउताखोला सिचाइ योजना, माथिल्लो सिलाने खोला सिचाई योजना, देउताखोला मुरेओराल वेलटापु सिचाई योजना, दुवेरिचौर मझेउला सिचाई योजना, चाइनावगर सिचाई योजना, कल्लेरी सिचाई योजना, फुक्रुजिउला सिचाई योजना, अर्माको घारीओडाल देखी कोप्चाहुदै तल्लो राता पहर सम्मको सिचाई योजना, देउताखोला मरलावोट सिचाई योजना लगायत छुट्न गएका अन्य सिचाई योजनाहरु ठोस योजनाको साथ क्रमस कार्यन्वयन गरिनेछ ।

१४. **शहरीकरण एवं वस्ति विकासः** छितरिएर रहेका वस्तिहरुलाई विकासको पूर्वाधार सँगै सघन वस्ति विकास गर्ने तर्फ योजनावद्ध रुपमा लागि पर्ने । सिम्ली र पेदीलाई नगर विकास समिति गठन गरी बजारिकरण, प्लानिङ गर्ने काम सुरुवात गरिनेछ । चाईना वगरलाई दिर्घकालिन योजना सहित टाउन प्लानिङको लागि रेखाङकन गर्ने, अन्य सम्भावित क्षेत्रहरु वलिवाङ, हॉसीवाङ, गिठाकोट जिउला लगायत ठाउहरुमा सव्यगरी आगामी आ.व. २०७४/०७५ देखि क्रमिक रुपमा विकास गर्ने । यातायात सञ्चालन संगै विस्तार भएका अन्य स-साना क्षेत्रहरुका बस्ती विकासलाई योजनावद्ध ई क्रमिकरुपमा अगाडि बढाइनेछ । गाँउपालिका कार्यलय, वडा कार्यलयहरु, स्वास्थ्य चौकिहरु, अन्य सरकारी कार्यालय, प्रहरीकार्यलय र विद्यालयहरुमा आवश्यकता र प्राथामिकताका आधारमा क्रमस भवन निर्माण गरिनेछ ।

१५. **रोजगारी एवं साना व्यावसायः** युवा विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकासमा सहभागिता, आयआजर्न सिर्जना गर्ने लक्षसहित कृषि एवं वनपैदावारमा आधारित साना व्यावसायहरु सञ्चालन गर्ने । हरेक वडामा उक्त व्यवसायहरु सञ्चालन गर्न लगाउन विभिन्न सम्भाव्यताहरु पहिल्याई अध्ययन र तालिममा सहयोग गर्ने । कृषि क्षेत्रलाई व्यावसायिकरण गर्दै औधो गिकिकरण गर्न योजना तर्जुमा गरी कृषि विकास मार्फत हरेक वडा लाई एक मुख्य उत्पादन क्षेत्रका रुपमा छनौट गरी सो अनुरुपका आवश्यक प्रविधि र तालिम



नरबहादुर पुन
अध्यक्ष

उपलव्ध गराउने । किसान हरुलाई सकृय पार्ने जसले गर्दा हजारौं रोजगार सिर्जना गरि आय आर्जन बढ्नेछ । सामुहिक खेति गर्न विभिन्न खालका सहकारिहरुको स्थापना गर्ने । खरिद बिक्रिका केन्द्रहरु स्थापना गर्ने । सीप मुलक तालिम दिदै सो अनुरुपको पेशामा सक्रिय बनाउने । स-साना उधोगहरुको स्थापना गर्ने । किसानहरु अर्ध वेरोजगार भएकाले कृषिको व्यावसायीककरण र औधोगिकिकरण द्वारा तिनलाई पूर्ण रोजगार बनाउने । युवाहरुलाई गाँउपालिका एकिकृत विकास योजनामा परिचालन गरी उत्पादनमा वृद्धि गरिनेछ ।

१६. **एकिकृत विकास कोषः** स्थानीय स्वायत्त शासन ऐन अनुसार गाँउपालिकामा प्राप्त हुने संपूर्ण रकमहरु गाँउपालिकाको संचित कोषमा जम्मा हुने प्रावधानछ । शशर्त रुपमा प्राप्त हुने रकमलाई सोही क्षेत्रमा र निशर्त रुपमा प्राप्त हुने रकमलाई प्रस्तुत योजना कार्यान्वयनमा पनि सहयोग पुऱ्याउने उद्देश्यले खर्च गरिने छ । सानीभेरी गाँउपालिका एकिकृत विकास योजनालाई पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्यमान श्रोत र साधन अत्यन्त न्यून हुने देखिन्छ । न्यून श्रोत र साधन परिपूर्ति गर्ने कार्यमा लाग्न यसक्षेत्रका सभासदहरु, गाँउपालिकास्थित सवै राजनीतिक दलहरु एवं पूर्व र वर्तमान जनप्रति निधिहरु तथा सवैविकास प्रेमी नागरिकहरुको कर्तव्य हुनेछ । यसरी सवैको सामुहिक प्रयत्नबाट सानीभेरी गाँउपालिका एकिकृत विकास योजनालाई कार्यान्वयन गर्न प्राप्त हुने रकमलाई तत् तत् योजना कार्यान्वयन गर्ने निकायका कोष वा खाता मार्फत सञ्चालन गरिने छ । यसको साथै प्रस्तुत योजनालाई नै केन्द्रित गरी प्राप्त हुने रकमलाई एकद्वार प्रणाली मार्फत खर्च गर्नुपर्ने आवश्यकता देखिएमा वा कोषको माध्यमबाट खर्च गर्दा वढी भन्दा वढी सहयोग प्राप्त हुने स्थिति देखिएमा प्रचलित कानून वमोजिम गाँउपालिका अन्तर्गत छुट्टै ... विकास कोष पनि खडा गर्न सकिने छ । यसरी गठन हुने कोषमा वि.सं. २०७६ सम्ममा न्युनतम ... करोड जुटाउन सक्ने गरी आ आफ्नो क्षेत्रबाट आवश्यक पहल र प्रयत्न गर्नु सवै विकास सरोकारवालाहरु एवं राजनीतिक दलका नेता हरुको कर्तव्य हुने छ । यसको साथै श्रोत वृद्धि गर्न करका नयां नयां क्षेत्र निर्धारण र श्रोत वृद्धिगर्न जोड दिईने छ । बिभिन्न आय आर्जनका योजना पहिल्याई जनपरिचालनद्वारा कोषको वृद्धि गर्ने । विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय दाताहरुको परिचालन गर्ने ।

१७. **पर्यटनः** गाँउपालिकाका आकर्षक नदी, ताल, हिमाल, गुफा, संस्कृति, चाडपर्व-मेला, जाती जनजातीको विशेषता र मौलिकतालाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरी पर्यटन केन्द्रको रुपमा रहेको कुरालाई स्थापित गर्ने ।पर्यटन पूर्वाधार विकासमा विभिन्न क्षेत्रको परिचालन गर्ने । मुख्य गरी विकास पर्यटन, जडीबुटि तथा प्राकृतिक आकर्षणमूखि पर्यटन मा जोड दिईने छ । राजनैतिक आन्दोलनको विकास र अनुसन्धान मूखि पर्यटन लाई वढावा दिईने छ । जनयुद्ध संस्कृती लाई केन्द्रविन्दु मानी सो सम्बन्धि पर्यटनको विकास गर्नको लागि गाँउपालिकामा वलिदानी युद्ध संग्राहलयको स्थापना गरिने छ । दुईभेरी दोभानमा रहेको रिम्नलाई केन्द्र मानी धार्मिक तिर्थस्थल पर्यटनको विकास र प्रवर्धन गर्ने तर्फ जोड दिईने छ । मौराखारा लेख जैविक विविधता र हाई भिउटावर पर्यटकीय र जैविक विविधताको पर्यटक पदमार्ग, दहनेटा, त्रिशुलगाडे, पोखरी देखि मौराखारासम्मा पर्यटकीय स्थल विकास गरिनेछ । वेलटापु मेला र भेरी दहलाई आन्त्रिक र वाह्य पर्यटक स्थ वनाउन सकिने आधारछ ।



नरबहादुर पुन
अध्यक्ष

१८. **सामाजिक विकासः** महिला तथा बालबालिकाहरुको समान हक अधिकारलाई हर क्षेत्रमा प्राथमिकताका साथ लागु गर्ने । छुवाछूत संस्कारको अन्त्य गर्दै दलित जातीलाई सामाजिक विकासको स्तरमा स्थापित गर्न विशेष प्राथमिकता दिने । परम्परागत पेशाहरुको आधुनिकीकरण गर्ने । जेष्ठ नागरिकहरुको सम्मान र सहयोग गर्ने । फरक क्षमता भएका (अशक्त र अपाङ्ग) व्यक्तिहरुको समस्याहरु समाधान गर्ने योजना तय गरी लागु गर्ने । जनजाति र युवा सहित लक्षित वर्गलाई उत्थान देखिने गरि लक्षित समुहको कार्यक्रम र बजेट तय गरिनेछ । साथै पुर्वाधार विकास गर्दा अपांग एवं लैंगिक मैत्री वनाउने तर्फ जोड दिदैं भुमिहीनहरुलाई रोजगारी एवं बसोवासको व्यवस्था गरिनेछ ।

१९. **युवा तथा खेलकुदः** सानीभेरी गाँउपालिका एकिकृत विकास कार्यक्रमको मेरुडण्ड युवाहरु हुन र हरेक क्षेत्रमा युवाहरुको नेतृत्व, सह भागिता र सकृयतालाई प्राथमिकता सहित स्थापित गर्ने, साँस्कृतिक एवं सामाजिक रुपान्तरणमा युवाहरुको उर्जालाई सहि ढंगले उपयोग गर्ने । स्थानीय स्तरवाट खेलकुद विकासलाई प्राथमिकता दिदै युवाहरुलाई खेल क्षेत्रमा पे्ररित गर्न विशेष योजना तयार गरि गाँउपालिकामा एक रङ्गशाला, प्रत्येक वडामा एक एक खेल मैदान र सबै विद्यालयहरुमा खेलमैदानको व्यवस्था गरिनेछ ।

२०. **सुशासनः** सानीभेरी गाँउपालिकमा सुशासन कायम गर्ने जिम्मेवारीवोध र इमान्दारिताको विकास गर्न व्यापक छलफल कार्यक्रम तय गर्ने । सबै क्षेत्रमा कार्यरत सम्बन्धित निकाय, व्यक्ति र व्यक्तित्वहरुमा पूर्ण जनभावनाको विकास अभिवृद्धि गर्ने । दण्डहिनताको अन्त्य गर्न निरिक्षण, अनुगमन, दण्ड, जरिवानाको प्रापधान नियम र कानुन बमोजिम उचित रुपमा कार्यान्वयन गरीनेछ।

२१. **साँस्कृतिक विकासः** जनजाति आदिवासिको संस्कृतिको रक्षा एवं विकास गर्ने । छुवाछूत, भेदभावपूर्ण संस्कार विरुद्ध साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्ने । लोक सस्कृतिको रक्षा र विकास गर्ने । गाँउपालिका लाई नयाँ विकास र नयाँ संस्कृति सहितको नयाँ समाजमा बदल्ने । उपरोक्त योजनालाई कार्यान्वयन गर्नको लागि संघ, प्रदेश, जिल्लास्थित विकास सम्वन्धी सरकारी कार्यालययहरु, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं दातृ निकायहरु, नेपाल सरकार लगायत अन्य विकास सम्वन्धी निकायहरु बाट आवश्यक सहयोग प्राप्त हुने कुरामा सानीभेरी गाँउपालिका रुकुम विश्वस्त हुदै संस्कृतिक रुपान्तरन र कला प्रवधन विकास केन्द्रको निर्माणगरी समाजको संस्कृति रुपान्तरन र कलाको संरक्षण, प्रवद्र्धन र विकास गर्न जोड दिइनेछ।

२२. **जनयुद्धः** जनयुद्धका र जनआन्दोलनका सहित परिवार, घाईते अपाङ्गता परिवारहरुको अवस्था व्यवस्थित हुन सकिरहेको छैन । सहिद परिवार घाईते अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, संरक्षण, स्वस्थ्य उपचार, शिक्षा, सिपविकास, रोजगार र पुर्नस्थापना लगायतका कार्यक्रम विशेष प्राथमिकता दिईनेछ ।

२३. **वनः** वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, स्थानीयस्तरमा सामुदायिक, कवुलियती र राष्ट्रिय वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन, स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण



नरबहादुर पुन
अध्यक्ष

व्यवस्थापन, स्थानीयस्तरमा निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमन, सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन, जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन, वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन, नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन, वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन, स्थानीय प्राणी उद्यान ९चिडियाखाना० को स्थापना र सञ्चालन, स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन, स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान, जैविक विविधताको अभिलेखाङ्कन, स्थानीयस्तरमा हरियाली प्रवर्द्धन, स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन, रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन, स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन बलम्बन गरिनेछ।

२४. **तटबन्दन तर्फः** RCC तट्वन्धन छोटेवगर सहिद स्मृती भवन र बेलटापु खेलमैदान (रङ्शाला), दुइभेरी रिम्ना तट्वन्धन तथा नदिनियन्त्रण, चाईनावगर तट्वन्धन तथा नदिनियन्त्रण, वैरेनिटापु तट्वन्धन तथा नदिनियन्त्रण, सुलेहाले तट्वन्धन तथा नदिनियन्त्रण , फल्लेवगर तट्वन्धन तथा नदिनियन्त्रण, खैरेनि टापु र वाहुनिखेत तट्वन्धन तथा नदिनियन्त्रण लगायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. **सरकारी तथा गैर सरकारी संघसंस्थाः** राष्ट्रिय, अन्तराष्ट्रि सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई स्थानीय तहलाई प्राप्त अधिकार मापदण्डको सिमाभित्र रही जनताको सेवा र विकास गर्न, सहकार्य, समन्वय, परिचानलन र नियमन गर्ने ।

२६. **परिर्वतनका सुचकहरुः** सानीभेरी गाउँपालिकाको एकीकृत वकिास गुरुयोजना लाई प्रभावकारी र व्यवस्थित कार्यान्वयणगर्न आर्थिक वर्ष २०७४/०७५ वाट लागुहुनेगरी सानीभेरी गाउँकार्यापालिकाले दीर्घकालिन,मध्यकालिन र अल्पकालिन परिवर्तनका सूचकहरु प्राथमिक्ता र आवस्यक्ताको आधारमा निर्धारणगरी निस्चित समय सिमाभित्र कार्या सम्पन्नगर्ने लक्ष्यराखी निम्न निर्णय गरेकोछ ।

**(१) पुर्बाधार विकासः**

१.१ ५ वर्ष भित्र भू-उपयोग योजना (Land Use Plan) बनाई जमीनको वर्गीकरणमार्फत मापदण्ड कार्यान्वयन भएको हुनेछ ।

१.२ ५वर्ष भित्र स्थानीय तहको कार्यालय भवन निर्माण भएको हुनेछ ।

१.३ ५ वर्ष भित्र सबै वडाको कार्यालय भवन निर्माण भएको हुनेछ ।

१.४ ५ वर्ष भित्र सबै वडा केन्द्र जोडने गरी बाहैं महिना चल्ने सडक संजाल संचालनमा आएको हुनेछ ।

१.५ ५बर्ष भित्र सडक अधिकार क्षेत्र (Right of Way) निर्धारण गरी कार्यान्वयन भएको हुनेछ ।

१.६ ५ वर्ष भित्र घरधुरीमा बिद्युत सेवा पुगेको हुनेछ ।

१.७ ५ वर्ष भित्र घरधुरी इन्टरनेट सेवाको पहुँच भित्र हुनेछ ।

१.८ ५ वर्ष भित्र निर्माण हुने सबै किसिमका सार्वजनिक पुर्वाधारहरु बालमैत्री, लैगिक मैत्री, अपांगता मैत्री र वातावरण मैत्री मापदण्डका आधारमा मात्रै निर्माण भएको हुनेछ ।

नरबहादुर पुन
अध्यक्ष

१.९ १० वर्ष भित्र सडक किनारमा वृक्षारोपण तथा हरितपट्टिहरु (Green Belt) निर्माण भएका हुनेछ ।

१.१० ५ वर्ष भित्र वर्ष भित्र मुख्य सहरी क्षेत्रमा खानेपानीका पाइप, ढल तथा सबै प्रकारका तारहरु भूमिगत रुपमा व्यवस्थित गरिएको हुनेछ ।

१.११ ५ वर्ष भित्र वर्ष भित्र सबै नदी र खोला प्रणाली फोहोरमैला र दिसापिसावबाट मुक्त भएका हुनेछ ।

१.१२ ५ वर्ष भित्र वर्ष भित्र सडकमा सडक बत्तिको व्यवस्था भएको हुनेछ ।

१.१३ १० वर्ष भित्र प्रत्येक घरधुरीले खबर गरेको १५ मिनेट भित्र एम्बुलेन्स सेवा प्राप्त भएको हुनेछ।

१.१४ ५ वर्ष भित्र वर्ष भित्र कम्तिमा एउटा टर्मिनल सहितको बसपार्क संचालनमा आएको हुने ।

१.१५ ५ वर्ष भित्र २ वटा सवारी साधन क्षमताको पार्किङस्थलको व्यवस्था भएको हुन ।

१.१६ ५ वर्ष भित्र गाउँपालिकामा ३०० जना क्षमताको सभागृह सञ्चालन भएको हुनेछ ।

१.१७ ५ वर्ष भित्र बर्ष भित्र शहरी तथा ग्रामीण यातायात प्रणाली एक अर्कासँग जोडिएका तथा प्रतिस्पर्धात्मक, सुबिधायुक्त, सुरक्षित र व्यवस्थित रुपमा संचालन भएको हुनेछ ।

१.१८ ५ वर्ष भित्र वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ परिपालना भएको हुनेछ ।

१.१९ १ वर्ष भित्र सबै पूर्वाधार निर्माणको क्रममा गुणस्तर सुनिश्चत गर्ने व्यवस्था भएको हुनेछ ।

१.२० २ वर्ष भित्र प्रमुख बजार केन्द्रहरुमा कृषि उपजको बजारमूल्य दैनिक रुपमा राखेको हुनेछ।

१.२१ २ वर्ष भित्र प्रत्येक पसलमा उपभोक्ता मूल्यसूची राखिएको हुनेछ।

१.२२ २ वर्ष भित्र वर्ष भित्र कम्तिमा एउटा आधुनिक र व्यवस्थित पशु बधशाला संचालनमा भएको हुनेछ ।

१.२३ २ वर्ष भित्र पशुपंक्षी व्यवस्थापन सम्बन्धी मापदण्डहरु परिपालना गर्ने गराउने व्यवस्था भएको हुनेछ ।

## (२) आर्थिक विकासः

२.१ १ वर्ष भित्र स्थानीय तहको केन्द्रमा कम्तिमा एउटा बैंक संचालनमा आएको हुनेछ ।

२.२ ३ वर्ष भित्र सबै नागरिकहरुको बैंक खाता भएको हुनेछ ।

२.३ ३ वर्ष भित्र कम्तिमा एउटा नमुना एकिकृत बस्ती विकास हुनेछ ।

२.४ ५ वर्ष भित्र प्रत्येक वस्तीस्तरमा कम्तीमा ५ वटा लघु उद्यम संचालनमा आएको हुनेछ ।

२.५ ५ वर्ष भित्र कम्तीमा ३ वटा स्थानीय कच्चा पदार्थमा आधारित ठुला उद्योग सञ्चालनमा आएको हुनेछ ।

२.६ २ वर्ष भित्र बाह्य लगानीको उपयुक्त् वातावरण तयार भई लगानी २५ प्रतिशतले अभिबृद्धि भएको हुनेछ ।

२.७ ५ वर्ष भित्र प्रत्येक परिवारमा कम्तिमा एकजना पूर्ण रोजगार हुनेछ ।

२.८ ५ वर्ष भित्र २ वटा सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थलको विकास भएको हुनेछ ।

२.९ १ बर्षमा कम्तिमा ३ पटक प्रत्येक पसलको बजार अनुगमन भएको हुनेछ ।

नरबहादुर पुन
अध्यक्ष

२.१० १ बर्षमा होटल, रेष्टुरा, बार, भोजनालय र चमेनागृह आदिको पूर्वाधार सेवा र खाद्य गुणस्तर सुनिश्चित गर्न वर्षमा कम्तिमा ३ पटक प्रत्येक पसलको निरीक्षण र अनुगमन भएको हुनेछ।

२.११ ५ वर्ष भित्र खेतियोग्य जमीनमा सिंचाई सुविधा पुगेको हुनेछ

२.१२ २ वर्ष भित्र एक गाउँ एक उत्पादन लागू हुनेछ ।

२.१३ २ वर्ष भित्र दुग्धजन्य उत्पादनमा १० प्रतिशत बृद्धि भएको हुनेछ ।

२.१४ २ बर्ष भित्र १०० विगाह जमीनमा सहकारी खेति प्रणाली विकास भएको हुनेछ ।

२.१५ २ बर्ष भित्र वैदेशिक रोजगारीबाट प्राप्त आयमध्ये कम्तिमा ५० प्रतिशत बरावरको रकम उत्पादनमूलक व्यवशायमा लगानीको वातावरण तयार भएको हुनेछ ।

२.१६ २ बर्ष भित्र मासु, अन्डा, फलफुल, तरकारी र दुग्ध पदार्थमा २५ प्रतिशत उत्पादन बृद्धि भएको हुनेछ ।

२.१७ ३ बर्ष भित्र वित्तीय संस्थामार्फत कृषि बिमा भएको हुनेछ ।

२.१८ ३ बर्ष भित्र वित्तीय संस्थामार्फत पशु बिमा भएको हुनेछ ।

२.१९ २ बर्ष भित्र पहिचान भएको कृषि पकेट क्षेत्रमा कृषि, बागबानी, मत्स्यपालन, मौरीपालन आदि गर्न कृषकहरु प्रेरित भएका हुनेछ ।

## (३) सामाजिक विकास

३.१ ३ बर्ष भित्र हरेक घरधुरीको पारिवारिक विवरण (Household Folder)अद्यावधिक र सुरक्षित भएको हुनेछ।

३.२ २ बर्ष भित्र पूर्ण व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, वसाइसराई, सम्वन्ध विच्छेद) भएको हुनेछ।

३.३ ३ वर्ष भित्र सबैको लागि निशुल्क आधारभूत स्वस्थ्य सेवाको सुनिश्चतता भएको हुनेछ ।

३.४ ५ वर्ष भित्र नागरिकले बढीमा १५ मिनेटभित्र आकस्मिक स्वास्थ्य सेवाको सुविधा निरन्तर प्राप्त गरेका हुनेछ।

३.५ ३ वर्ष भित्र स्थानीय तहमा कम्तिमा १५ सैयाको सुविधासम्पन्न अस्पताल संचालनमा आएको हुनेछ ।

३.६ ३ वर्ष भित्र कम्तिमा २५ प्रतिशत शिशु तथा बालबालिकाको लागि दिवा स्याहार केन्द्रको सुविधा उपलब्ध भएको हुनेछ ।

३.७ १ प्रत्येक बर्ष वाल स्वास्थ्य, महिला स्वास्थ्य एवं सुलभ स्वस्थ्य सेवाको प्रत्याभूतिका लागि २ वटा घुम्ति स्वास्थ्य सिविर संचालन भएको हुनेछ।

३.८ २ वर्ष भित्र सबै नागरिकले प्राथमिक उपचार बिधिको जानकारी पाएका हुनेछन ।

३.९ २ वर्ष भित्र मातृ मृत्युदर २५ प्रतिशतले घटेको हुनेछ ।

३.१० ५ वर्ष भित्र ५० प्रतिशत नागरिकले स्वस्थ्य वीमाको सुबिधा प्राप्त गरेका हुनेछन ।

३.११ ३ वर्ष भित्र गर्भ रहेको दिनदेखि हजार दिनसम्म गर्भवति महिला तथा शिशुका लागी पोषण सुनिश्चितता गरिएको हुनेछ ।

३.१२ २ वर्ष भित्र व्यक्तिगत र सामुदायिक सरसफाइ शिक्षा बारे सबै नागरिक जानकार हुनेछन ।

३.१३ २ वर्ष भित्र विद्यालय वालमैत्री भई पढाई निरन्तर र गुणस्तरीय रुपमा संचालन भएको हुनेछ।



नरबहादुर पुन
अध्यक्ष

३.१४ ३ वर्ष भित्र युवा जनशक्तिले प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गरेको हुनेछन ।
३.१५ २ वर्ष भित्र अपांगता भएका व्यक्तिहरुले निशुल्क माध्यमिक शिक्षा हासिल गरेका हुनेछन ।
३.१६ २ वर्ष भित्र देखी बिद्यालय उमेर समुहका शतप्रतिशत बालबालिका निरन्तर बिद्यालय गएका हुनेछन ।
३.१७ २ वर्ष भित्र सत प्रतिशत नागरिकहरु साक्षर हुनेछन ।
३.१८ ३ वर्ष भित्र सबै बिद्यालयमा कम्प्युटरको माध्यमबाट पढाई भएको हुनेछ ।
३.१९ २ वर्ष भित्र वालवालिकालाई माध्यमिक शिक्षासम्म अध्ययनको सुनिश्चितता गरिएको हुनेछ ।
३.२० २ बर्ष भित्र प्रत्येक अभिभावकले आफ्ना वालवालिकालाई विना भेदभाव समानस्तरको शैक्षिक अवसर उपलब्ध गराएका हुनेछ ।
३.२१ ३ बर्ष भित्र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कम्तिमा निजी विद्यालय सरह भएको हुनेछ ।
३.२२ २ वर्ष भित्र अति बिपन्न, विपन्न दलित, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गरिएको हुनेछ ।
३.२३ ३ वर्ष भित्र "एक विद्यालय एक खेल मैदान संचालनमा आएको हुनेछ ।
३.२४ ३ वर्ष भित्र "एक स्थानीय तह एक खेलकुद ग्राम" संचालनमा आएको हुनेछ ।
३.२५ ३ वर्ष भित्र वालमैत्री स्थानीय तह घोषणा भएको हुनेछ ।
३.२६ ३ वर्ष भित्र वातावरण मैत्री स्थानीय तह घोषणा भएको हुनेछ ।
३.२७ ३ वर्ष भित्र अपाङ्गमैत्री स्थानीय तह घोषणा भएको हुनेछ ।
३.२८ १ वर्ष भित्र खुल्ला दिसामुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.२९ ३ वर्ष भित्र घरभित्रको धुवाँमुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३० २ वर्ष भित्र बालश्रममुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३१ २ वर्ष भित्र जेष्ठ नागरिकमैत्री स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३२ २ वर्ष भित्र मानब बेचबिखन मुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३३ २ वर्ष भित्र छुवाछुतमुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३४ २ वर्ष भित्र अवैध मदिरा निषेधित स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३५ २ वर्ष भित्र वाल विवाह उन्मुलनको घोषणा भएको हुनेछ ।
३.३६ २ वर्ष भित्र निरक्षरता उन्मुलन क्षेत्र घोषणा भएको हुनेछ ।
३.३७ २ वर्ष भित्र जुवातास मुक्त स्थानीय तह घोषणा भएको हुनेछ ।
३.३८ २ वर्ष भित्र पूर्ण खोपयुक्त क्षेत्र घोषणा भएको हुनेछ ।
३.३९ ५ वर्ष भित्र प्रत्येक घरधुरीमा गुणस्तरीय खानेपानी पुगेको हुनेछ ।
३.४० २ वर्ष भित्र ३ वटा सार्वजनिक शौचालय निर्माण भएका हुनेछ ।
३.४१ २ वर्ष भित्र गाँउपालिकामा एक जनयौद्धा 'संग्रहालय संचालनमा आएको हुनेछ ।
३.४२ ५ बर्ष भित्र शतप्रतिशत नागरिक सामुदायिक संस्थामा आवद्ध गरी सीप र उद्यमशिलता प्रबर्धन गरिएको हुनेछ ।
३.४३ २ बर्ष भित्र प्रत्येक वडाका कम्तिमा एक सामुदायिक पुस्तकालय वा E-Library स्थापना भएको हुनेछ ।



नरबहादुर पुन
अध्यक्ष

३.४४ ३ बर्ष भित्र एक वडा एक सामुदायिक सूचना केन्द्र नियमित संचालनमा आएको हुनेछ ।

३.४५ २ बर्ष भित्र सामाजिक, धार्मिक, सांस्कृतिक कुरीतिहरु बिरुद्धको अभियान संचालन भएको हुनेछ।

## (४) वातावरण तथा विपद् व्यवस्थापनः

४.१ २ बर्ष भित्र भौगर्भिक नक्सा प्रकाशन भई कार्यान्वयनमा आएको हुनेछ ।

४.२ २ बर्ष भित्र एक वडामा कम्तिमा एक पोखरी निर्माण तथा संरक्षित भएको हुनेछ ।

४.३ ५ बर्ष भित्र शत प्रतिशत क्षेत्रफलमा संरक्षित वन क्षेत्रको बिस्तार र प्रभावकारी व्यवस्थापन भएको हुनेछ ।

४.४ २ बर्ष भित्र कम्तीमा *"एक वडाः एक नर्सरी"* स्थापना गरी सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी हरियाली परवर्द्धन गरेको हुनेछ ।

४.५ २ बर्ष भित्र प्रत्येक बस्तीमा कम्तिमा एक सार्बजनिक खुल्ला क्षेत्र घोषणा गरी संरक्षण गरिएको हुनेछ ।

४.६ ३ बर्ष भित्र कम्तिमा एक संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन गरिएको हुनेछ ।

४.७ २ बर्ष भित्र हरेक बस्तीमा फोहोरको बर्गीकरण गरी उचित व्यवस्थापन भएको हुनेछ ।

४.८ २ बर्ष भित्र मापदण्डले तोके बमोजिम प्लाष्टिकको झोला प्रयोगमा पूर्णतया बन्देज लगाइएको हुनेछ ।

४.९ ३ बर्ष भित्र जलवायु परिवर्तनको जोखिम पहिचान गरी न्यूनीकरणका उपाय अपनाई जीविकोपार्जनसँग आवद्ध गरिएको हुनेछ ।

४.१० २ बर्ष भित्र पानीका मुहानहरुको अभिलेख राखी उक्त स्रोतका दीगो संरक्षण गरिएको हुनेछ।

४.११ २ बर्ष भित्र विपद् जोखिम क्षेत्र तथा बस्तीहरूको संकटासन्नताको पहिचान र नक्साङ्कन भएको हुनेछ ।

४.१२ २ बर्ष भित्र एक विपद व्यवस्थापन केन्द्र स्थापना भएको हुनेछ ।

४.१३ ५ बर्ष भित्र सबै असुरक्षित, अव्यवस्थित, अनधिकृत, अनियन्त्रित आदि बस्ती सुरक्षित स्थानमा स्थानान्तरण तथा व्यवस्थापन भएको हुनेछ ।

४.१४ १ बर्ष भित्र भूमिहिन, सुकुम्वासी अव्यवस्थित बसोवासीको लगत तयार गरी ५ बर्ष भित्र उचित व्यवस्थापन गरिएको हुने ।

४.१५ ३ बर्ष भित्र मुक्त कमैया, मुक्त हलिया, हरुवा, चरुवा, कमलरी आदिको पुनःस्थापन सम्बन्धी कार्य सम्पन्न गर्ने ।

४.१६ ५ बर्ष भित्र शतप्रातिशत घरधुरीमा कम्तिमा एक बैकल्पिक उर्जाको प्रयोग भएको हुनेछ

## (५) संस्थागत विकास, सेवाप्रवाह तथा सुशासनः

५.१ सभा तथा कार्यपालिकाका निर्णयहरु ३ घण्टा भित्र सार्वजनिक हुनेछ ।

५.२ १ बर्ष भित्र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वा अन्य मन्त्रालयबाट उपलब्ध नमूना कानुन बमोजिम आवश्यक कानून स्वीकृत गरी लागू भएको हुनेछ ।

५.३ प्रत्येक आ.व.को पहिलो चौमासिक भित्र अचल सम्पत्ति तथा स्थानीय तहमा हस्तान्तरण भई आएका (विद्यालय भवन, स्वास्थ्य केन्द्र/उपकेन्द्र भवन, कृषि पशु सेवा केन्द्रका भवन, अन्य



नरबहादुर पुन
अध्यक्ष

सरकारी र सामुदायिक भवन, जग्गा जमीन, पूर्वाधार, सम्पन्न योजना, आयोजना वा कार्यक्रम) आदिको विवरण अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ।

५.४ प्रत्येक आ.व.को पहिलो चौमासिकभित्र स्थानीय तहका गैर सरकारी सामाजिक संघ संस्थाको विवरण अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ ।

५.५ ३ बर्ष भित्र स्थानीय तहको कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन, भौतिक पुर्वाधार, स्थानीय बजार, पार्किङ्गस्थलको प्रभावकारी सुरक्षा, संरक्षण र व्यवस्थापन भएको हुनेछ ।

५.६ २ बर्ष भित्र सूचना प्रविधिको प्रयोग गरी स्थानीय तथ्यांक अध्यावधिक र संरक्षण गरिएको हुनेछ।

५.७ २ बर्ष भित्र अनलाइन (Online) पद्धतिवाट व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा उपलब्ध भएको हुनेछ।

५.८ २ बर्ष भित्र सूचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवाहरु छिटो छरितो रुपमा निरन्तर प्रवाह भएको हुनेछ ।

५.९ आवश्यक कागजात र प्रक्रिया पुगेको दिन घरको नक्सा पास भएको हुनेछ ।

५.१० चौमासिक रुपमा विकास निर्माण र सार्वजनिक सेवा आदिको सार्वजनिक सुनुवाई गरिएको हुनेछ।

५.११ आफ्नो सबै कार्यको प्रत्येक चौमासिक र वार्षिक प्रगित प्रतिवेदन सार्वजनिक भएको हुनेछ।

## (६) बजेट, योजना तथा वित्तीय व्यवस्थापन

६.१ प्रत्येक आ.व.मा राजश्व सम्भाव्यता अध्ययन र प्रक्षेपण भई आन्तरिक आयमा १५ प्रतिशत अभिबृद्धि भएको हुनेछ।

६.२ प्रत्येक आर्थिक बर्ष भित्र सवै बिषयक्षेत्र समेटी आवधिक योजना तयार भई सार्वजनिक भएको हुनेछ ।

६.३ आवधिक र रणनीतिक विकास योजनाको आधारमा मात्र वार्षिक विकास योजनाहरु तर्जुमा भइ संचालनमा रहेका हुनेछन ।

६.४ मध्यकालीन खर्च संरचना तर्जुमा भई प्रत्येक बर्ष परिमार्जन भएको हुनेछ ।

६.५ प्रत्येक आर्थिक बर्षको अन्त्यमा सबै पेश्की फछ्र्यौट भएको हुनेछ ।

६.६ प्रत्येक आर्थिक बर्ष अन्तिम लेखा परीक्षण हुँदा असुल गर्नुपर्ने बेरुजु शुन्य भएको हुनेछ ।

६.७ प्रत्येक आर्थिक बर्ष अन्तिम लेखा परीक्षण हुँदा नियमित वा सम्परीक्षण बेरुजु शतप्रतिशत (बढीमा एक प्रतिशत) भएको हुनेछ ।

६.८ आ.व. २०७४/७५ को पहिलो चौमासिकभित्र सुशासन अभिबृद्धि, सदाचार परबर्धन सम्बन्धी नीतिगत व्यवस्था स्वीकृत भई लागू भएको हुनेछ ।

६.९ आ.व. २०७४/७५ को पहिलो चौमासिकभित्र श्रोत नक्सांकनसहितको पाश्र्वचित्र अद्यावधिक गरी सार्वजनिक भएको हुनेछ ।

६.१० २०७४/७५ आर्थिक बर्ष भित्र सडक गुरु योजना तयार भई कार्यान्वयन भएको हुनेछ ।



नरबहादुर पुन
अध्यक्ष

६.११ १ बर्ष भित्र सहभागितामूलक एवं समावेशी योजना तर्जुमा र कार्यान्वयन (विपन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका व्यक्तिको सहभागिता सुनिश्चित भएको) प्रक्रिया अवलम्वन भएको हुने, आदि।

अन्तमा यहाहरुको सललाह सुझाब छलफलबाट अघिबढ्ने दृढ संकल्प गर्दै यो निति तथा कार्यक्रमलाई यो स्थानीय तहको व्यवस्थापकिय गाँउसभाको हलबाट पास गरिदिनुहुने छ भन्ने आसा र विस्वास गरेको छु ।

**धन्यबाद** !!

सानीभेरी गाँउसभाद्धारा पारित आर्थिक बर्ष २०७४/०७५ को सानीभेरी गाँउपालिका एकिकृत विकास गुरुयोजना कार्यक्रम, २०७४ यस सानीभेरी गाँउपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ ।

नरबहादुर पुन
अध्यक्ष

नाम : नर बहादुर पुन

पद : गाँउपालिका अध्यक्ष

मिति : २०७४/०५/०५



नरबहादुर पुन
अध्यक्ष